# हावाहुरी र वर्षाका कारण वर्दिया वासगडीमा  १ को मृत्यु, २ घाइते र करिव १०० घरको छाना उडायो ।

२०७५ जेष्ठ १७ गते साझ आएको वर्षाका कारण जिल्ला वर्दिया वढैयाताल  वडा नं. ४ खैरनी घर भएका मान वहादुर विकका छोरा वर्ष २६ का प्रेम वहादुर विक को वासगडी नगरपालिका वडा नं. ३ को भग्रहा स्थित ढडुवा खोलामा एक्कसी आएको वाढीले वगाउदा  वेपत्ता भएको र मिति २०७५ जेष्ठ १८ गते विहान ८ः४० वजे निजको सव फेला परेको ।

२०७५ जेष्ठ १७ गते साझ ५ः१५ वजे आएको हावाहुरी र वर्षाको कारण जिल्ला वर्दिया वासगडी नगरपालीका ३ उत्तर भकारी वस्ने मिलन वलीको १ तले टिनले छाएको २ कोठे घर भत्कान गई निजको श्रीमति वर्ष २५ की मनसरी वलीलाई छाती र टाउकोमा चोटलागी गम्भीर घाइते भइ उपचारको लागि नेपालगञ्ज मेडिकल कलेज कोहलपुर लगेको । निजको छोरा पनि वर्ष ८ का शिशिर वली समेतको खुटामा चोट लागि सामान्य घाइते भएको ।

सोही समयमा आएको हावाहुरी र वर्षाका कारण वासगडी नगरपालिकाको विभिन्न स्थानमा करिव १०० घरधुरीको छाना उढाएको र खाद्यान्न समेत भिजी नोक्सानी भएको प्रारम्भिक प्रतिवेदन प्राप्त भएको छ

जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र वर्दिया